स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



व्यक्तिगत जीवनमा आएको उतार-चढावपछि अभिनेत्री शिल्पा पोखरेल ५ वर्षदेखि फिल्मबाट टाढा देखिएकी छन् । उनले नयाँ फिल्म सम्झौता गरेको जानकारीमा छैन । बरु यो बीचमा उनले तीनवटा जति भोजपुरी फिल्ममा काम गरिन् । यद्यपि, उनले म्यूजिक भिडियोबाट आफूलाई गुमनाम हुन दिएकी छैनन् । उनको २०२४ का लागि पहिलो गीत 'म को हुँ ?' रिलिज भएको छ । यो गीतमा शिल्पाको जोडी अभिनेता सरोज खनालसँग बाँधिएको छ ।

आजको विचार...



नेपालको...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



नायिका रेखा थापाको फिल्म 'उपहार'को पहिलो गीत 'वाह वाह'लाई पचास लाख बढीले हेरेका छन् । युट्युबमा अपलोड भएको करिब साढे तीन महिनामा यो गीतलाई पाँच मिलियन बढीले हेरेका हुन् । बबुल गिरीको संगीत रहेको गीतमा शंकर अधिकारी घायलको शब्द छ । गीतमा गायिका एलिना चौहानले संगीतकार गिरीलाई स्वरमा साथ दिएकी छन् । फिल्मको यो गीतमा कलाकारहरु रेखा थापा, पूजा शर्मा, बेनिशा हमाल, मुकुन भूषाल, तेज गिरी र समर्पणजंग कार्की फिचर्ड छन् ।

❑ वर्ष २९ ❑ अंक १७४ ❑ २०८० माघ ८ गते सोमबार 22 January 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रुपन्देहीमा चिसोका कारण धमाधम बन्द हुँदै विद्यालय

रामचन्द्र रायमाझी

**बुटवल,** माघ ७/केही दिन यता रुपन्देहीमा बाक्लो हुस्सु र शितलहरसँगै चिसो बढेपछि धमाधम विद्यालय बन्द हुन थालेका छन् । अत्यधिक चिसो बढेको भन्दै यहाँका स्थानीय सरकारले विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् ।

बढ्दै गएको चिसोका कारण बालबालिकामा समस्या हुने भन्दै स्थानीय सरकारले विद्यालय बन्द गर्न निर्देशन दिएका छन् । सैनामैना नगरपालिकाले तीन दिन विद्यालय बन्द गर्न नगरभित्रका विद्यालयहरुलाई निर्देशन गरेको छ । अत्याधिक चिसो बढ्दै गएका कारण विद्यालय सञ्चालन गर्न समस्या परेको भन्दै सोमबारदेखि बुधबारसम्मका लागि विद्यालय बन्द गर्न भनिएको शिक्षा शाखा अधिकृत राधा बेल्वासेले एनजेडीलाई जानकारी दिइन् । आइतबार सार्वजनिक सूचना जारी गर्दै विद्यालय बन्दको निर्णय गरिएको उनले बताइन् । 'चिसोबाट बालबालिकामा हुने स्वास्थ्य जोखिमबाट बच्न अहिलेको लागि तीन दिन विदा दिइएको हो' शिक्षा अधिकृत बेल्वासेले भनिन् । चिसोको अवस्था हेरेर बन्दको निर्णय परिवर्तन गर्न सकिने उनको भनाई छ । यहाँ सामुदायिक र संस्थागत गरी ४० वटा विद्यालय छन् । यस्तै बुटवल उपमहानगरपालिकाले पनि आइतबारदेखि उपमहानगरपालिका भित्रका विद्यालय बन्द गर्न निर्देशन दिएको छ । यहाँ आइतबारदेखि मंगलबारसम्मका लागि विद्यालय बन्द गरिएको छ । विद्यालय आउने बालबालिकामा चिसोको कारण समस्या बढिरहेकाले पठन-पाठनमा कठिनाइ हुँदै गएकाले तीन दिन विद्यालय बन्द गर्ने निर्णय गरेको शिक्षा शाखा प्रमुख टिकाराम पन्थीले जानकारी दिए । मौसम हेरेर तीन दिनपछि बिदा थप गर्ने वा रोक्ने भन्ने निर्णय हुने समेत उनले बताए । यहाँ सामुदायिक र संस्थागत गरी ९८ वटा विद्यालय छन् ।




एक सातादेखि चिसो तराई मधेसमा बाक्लो हुस्सु र शितलहरी सुरु भएपछि चिसोले जनजीवन असहज बन्दै गएको छ । जिल्लाका २ वटा स्थानीयले विद्यालय बन्द गर्ने निर्णय गरिसकेका र अन्य पालिका पनि विद्यालय बन्द गराउने तयारीमा रहेका छन् । तर यस विषयमा जिल्ला शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीलाई भने जानकारी नै छैन । विद्यालय बन्द गर्ने निर्णय समन्वय इकाईलाई पालिकाले बोधार्थ पठाउनुपर्ने भए पनि उनीहरुले अहिले सम्म पठाएका छैनन् । विद्यालय बन्दको आधिकारीक जानकारी आफुहरुलाई प्राप्त नभएको जिल्ला शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका प्रमुख माधव बञ्जाडेले बताए । उनले भने 'केही स्थानीय तहहरुले विद्यालय बन्द गरिएको भन्ने सूचना गरे पनि हामीलाई आधिकारिक जानकारी नभएकाले कुन-कुन स्थानीय तहले विदा दिए भन्ने थाहा छैन ।'

चिसोका कारण विद्यालयमा आउने विद्यार्थीको संख्यामा कमी हुन थालेपछि स्थानीय तहहरूले सूचना निकालेर विद्यालय बन्द गरेका हुन् । विद्यालय आउने बालबालिकामा चिसोको कारण समस्या बढ्न सक्नेतर्फ सचेत हुँदै यस्तो निर्णय लिएको सम्बन्धित स्थानीय सरकारले जनाएका छन् ।

## संक्षिप्त समाचार

### अपाङगता भएका व्यक्तिलाई सहायता सामाग्री

**भैरहवा,** माघ ७/रुपन्देहीको सियारी गाँउपालिकाले अपाङगता भएका व्यक्तिलाई सहायता सामग्री दिएको छ । पालिकाले ११ जना अपाङगता भएका व्यक्तिलाई सहायता सामाग्री दिएको हो ।

पालिकामा आएका १४ जनाको निवेदन मध्य ११ जनालाई ट्राई साईकल, ह्वील चियर र बैशाखी वितरण गरिएको गाउँपालिकाले जनाएको छ । बाँकी रहेका ३ जना उपस्थित नभएका कारण प्रदान नगरिएको र आवश्यकता आधारमा पछि प्रदान गरिने छ ।

गाउँपालिकाले आर्थिक अवस्था र शारिरिक अवस्था कमजोर भएका व्यक्तिहरु पनि सहजरुपमा हिडडुल गर्न पाउन भन्ने उद्देश्यले सहायता सामाग्री प्रदान गरिएको गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरेले जानकारी दिए । गाउँपालिकाले महिला विकास शाखामार्फत ९ वटा ट्राई साईकल र १/१ वटा ह्वील चेयर र बैशाखी प्रदान गरेको हो । गाउँपालिका अध्यक्ष घिमिरे सहित उपाध्यक्ष तारा थारु, प्रमुख प्रशाशकिय अधिकृत ऋिषिराम पन्थीले सहायता सामाग्री वितरण गरेका हुन् । पालिकाले गत बर्ष पनि अपाङगता भएका व्यक्तिलाई सहायता सामाग्री वापत ७ वटा ह्वील चियर र एउटा बैशाखी वितरण गरिएको महिला विकास शाखा ईन्चार्ज लक्ष्मी कार्कीले जानकारी दिईन् ।

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔँ ।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्याँस गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## एनसीसी कपको उपाधि तानसेनको एमआइबीलाई

**पाल्पा,** माघ ७/नारायणडाँडा क्रिकेट क्लव तानसेन-१ ले आयोजना गरेको नारायणडाँडा क्रिकेट कप (एनसीसी) २०८० को उपाधि एमआइबी तानसेनले जितेको छ । आइतबार भएको फाइनल खेलमा आयोजक टिम नारायणडाँडा क्रिकेट क्लव (एनसीसी) लाई ७ विकेटले पराजित गर्दै एमआइबीले प्रतियोगिताको उपाधि हात पारेको हो ।




पाल्पाको बगनासकाली गाउँपालिका -१ चिलाङ्दी खेलमैदानमा टस जित्दै एमआइबी विरुद्ध पहिले ब्याटिङ गरेको (एनसीसी) ले १५ ओभरमा सबै विकेट गुमाउँदै ७३ रन बनाएको थियो । एनसीसीले दिएको ७४ रनको लक्ष्य पछ्याएको एमआइबीले निर्धारित ९ ओभरमा ३ विकेट गुमाउँदै ७४ रन बनाएर जित सुनिश्चित गरेको हो । एनसीसीका विक्रम घिमिरेले सर्वाधिक २३ रनको योगदान दिए । उनले १५ बलमा सो रन बनाए । बलिङतर्फ एमआइबीका प्रकाश बरालले ४, विश्वास श्रेष्ठले ३, हिल्सन पाण्डे क्षत्री, सागर लामिछाने र आशिष थारुले समान एक/एक विकेट लिए ।

एमआइबीका तर्फबाट हिल्सन पाण्डे क्षत्रीले २४ बलमा ४३ रन जोडेर विजयको यात्रा तय गरेका हुन् । उनलाई निरज भण्डारीले १३ रन बनाई साथ दिए । बलिङतर्फ एनसीसीका शिव बस्यालले २ र विक्रम घिमिरेले १ विकेट लिए । खेलमा एमआइबीका हिल्सन पाण्डे क्षत्री प्रतियोगिताको म्यान अफ द म्याच भए । एनसीसी कपका उत्कृष्ट बलर आयोजक टिमका विक्रम घिमिरे, उत्कृष्ट ब्याट्सम्यान एमआइबीका हिल्सन पाण्डे क्षत्री र उत्कृष्ट खेलाडी एमआइबीकै आशिष थारु भए ।

उपाधि विजेता टिमलाई जिल्ला खेलकूद विकास समिति पाल्पाका कार्यवाहक अध्यक्ष दिपक घिमिरे, क्लवका अध्यक्ष विक्रम घिमिरे, खेल संयोजक नवराज बस्याल लगायतले संयूक्त रुपमा पुरस्कार हस्तान्तरण गरेका हुन् । पुरस्कार हस्तान्तरण गर्दै प्रमुख अतिथि घिमिरेले जिल्लाको खेल विकासमा क्लवले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले आगामी दिनहरुमा पनि यस्ता प्रतियोगिताहरु सञ्चालन गर्न क्लवलाई आग्रह गर्दै खेलकूद समितिले आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गरे । कार्यक्रममा समाजसेवी ज्योतिलाल बस्याल, पत्रकार दयाराज न्यौपाने, क्लवका सचिव पवन बस्याल लगायतले खेल क्षेत्रको विकासका लागि प्रतियोगिता महत्वपूर्ण रहेको बताए ।

प्रतियोगितामा प्रथम हुनेले नगद २० हजार, कप, मेडल र प्रमाणपत्र, द्वितीय हुनेले १० हजार, कप, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन् । यस्तै प्रतियोगितामा म्यानअफ द टुर्नामेन्टलाई सिल्ड, प्रमाणपत्र कुखुराको भाले, बेस्ट ब्याट्समेनलाई सिल्ड, प्रमाणपत्र, बेस्ट बलरलाई सिल्ड, प्रमाणपत्र र म्यान अफ द म्याचलाई मेडल र नगद प्रदान गरिएको खेल संयोजक नवराज बस्यालले बताए । प्रतियोगिताको समापन क्लवका अध्यक्ष विक्रम घिमिरेको अध्यक्षता, खेल संयोजक बस्यालको सञ्चालनमा भएको थियो । खेल माघ ३ गतेदेखि ७ गतेसम्म भएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## कृषिमा विचौलिया नियन्त्रण गर

नेपालको कृषि क्षेत्रमा बिचौलियाहरूको बिगबिगी नै छ । विचौलियाहरुकै कारण बजारमा कृषिजन्य वस्तु अत्यन्त महँगोमा किन्न उपभोक्ताहरु बाध्य छन् । एउटा किसानले उत्पादन गरेको टमाटर सिधै उपभोक्ता सम्म पुग्दैन । किसानले २५ रुपैयाँमा विक्री गर्ने टमाटर उपभोक्तासम्म पुग्दा ५० देखि ५५ रुपैयाँसम्म पुग्ने गर्दछ । त्यो बिचमा विचौलियाहरुले खरिद विक्री गर्ने गर्दा २५ रुपैयाँमा पर्ने टमाटर उपभोक्तासम्म पुग्दा ५०/५५ सम्म पुग्दछ । किसानको टमाटर सिधैँ बजारमा नपुग्दा उपभोक्ताले महँगो मूल्यमा किन्न बाध्य छन् । विचौलियाको जालोले टमाटर मात्र होइन अन्य कृषिजन्य वस्तु पनि महँगो पर्ने गर्दछ । अझ स्थानीय व्यापारीले २५ रुपैयाँमा पनि मोलमोलाइ गर्ने हुँदा उत्पादक किसान झन मारमा पर्ने गर्दछन् । हरेक वस्तु किसान आफैले बजारसम्म पुऱ्याउन सक्दैनन् । जसका कारण विचौलियाहरु खेल्ने मौका पाउँछन् । सरकारले किसानलाई ढुवानी र अनुदानको व्यवस्था गर्न सके यस्ता विचौलियाहरुबाट न किसान ठगिनु पथ्यो नत उपभोक्ता नै । उनीहरु विचौलियाका कारण मूल्यमा ठगिने मात्र होइन बजारमा पाइने टमाटर पनि त्यति ताजा हुँदैन । किसानबाट सीधै बजार आउँदा तरकारी ताजा हुन्छ तर विचौलिया मार्फत आउँदा लामो समय हुने भएकाले तरकारीहरु ताजा हुँदैनन् । जसको असर स्वास्थ्यमा समेत पर्ने गर्दछ ।

समयमा मल बीउ नपाइने र उत्पादित तरकारीले मूल्य समेत नपाउनु किसानका लागि विडम्बना हो । यस्ता विषयमा सरकार भने मूकदर्शक छ । सरकार सत्ता लिप्तामै सिमित बन्न पुग्दा किसान थप मारमा परेका छन् । किसानले उचित मूल्य नपाउँदा उत्पादित तरकारी कुहाउनु परेको छ भने थोरै मूल्यमा भएपनि विचौलीयामार्फत बेच्न बाध्य छन् । जुन दुभार्ग्यपूर्ण हो । विदेशी तरकारी ल्याउने तर स्वदेशी उत्पादनको बजार व्यवस्थापनमा ध्यान नदिने जुन प्रवृत्ति देखिएको छ, त्यो आलोच्य छ । सरकारले विचौलियाको अत्यन्त नगर्दासम्म किसानले सधै समस्या झेल्नु परेको छ । किसानलाई उत्पादनमा लाग्न प्रेरित गर्नेदेखि उत्पादित सामग्रीको उचित बजार व्यवस्थापनमा सरकार सक्रियपूर्वक लाग्नैपर्छ । नीतिमा भएका कमजोरी केलाएर आवश्यक परे नयाँ नीति बनाउने र त्यसको कार्यान्वयनमा पनि जोड दिनैपर्छ । तसर्थ सरकारले किसानलाई अनुदान एवं सहुलियत दिने, बजारको व्यवस्था गर्नेदेखि विचौलिया नियन्त्रण गर्ने कार्यमा सक्रियताका साथ लाग्न जरुरी छ ।

## Opinion @ Social Network

बिर्सेर जाने गए भनेर दु:खी भएर आफूलाइ गलत सम्झेर बस्नु हुँदैन
आफुले पनि बिर्सिएर हिम्मतका साथ अगाडि बढ्ने सामर्थ्य राख्नुपर्छ ।
*(लिला श्रेष्ठको फेसबुकबाट https://www.facebook.com/Lilly.shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको अर्थतन्त्र र विप्रेषण




भन्ने गरिन्छ कुनै पनि देशको समृद्धि र जनताको जीवनस्तरमा सुधार गर्ने एउटै आधार हो अर्थतन्त्र । अर्थतन्त्रमा सुधार नगर्दासम्म जनताको हासो र कल्याणमा वृद्धि गर्न सकिदैन । यसमा दुईमत नरहला । सरकारको सुखी नेपाली र समृद्ध नेपालको लक्ष्य हासिल गर्नका लागि पनि बलियो र आत्मनिर्भर अर्थतन्त्र एक मात्रै उपाय हो । आत्मनिर्भर अर्थतन्त्रको एउटै भरपर्दो आधार औद्योगिकरण हो । तर नेपालमा यस क्षेत्रले अर्थतन्त्रमा उल्लेखिय योगदान दिन सकेको देखिदैन । विभिन्न आन्तरिक तथा बाह्य कारणले लगानीमैत्री वातावरणमा ह्रास आउनु यसको एउटा मुख्य कारण बनेको देखिन्छ । अर्थतन्त्रको मेरुदण्ड मानिने वैदेशिक व्यापारको अवस्था अत्याधिक दयनिय र संकटउन्मूख प्रतिकुल अवस्थामा हिडिरहेको छ । भौगोलिक आर्कषकका क्षेत्रहरु प्रशस्त मात्रा भएर पनि प्रचार-प्रसारको अभाव विदेशी पर्यटकलाई नेपालमा उल्लेखिय मात्रामा भित्र्याउन सकेको देखिदैन । अर्थतन्त्रलाई जिवित र गतिशिल बनाउने एउटै आधार हो विप्रेषण अर्थाथ् रेमिटान्स । यो नेपालका लागि वैदेशिक मुद्रा प्राप्त गर्ने महत्वपूर्ण स्रोत बनेको छ । यसैको आधारमा नेपालको अर्थतन्त्र सञ्चालन भएको छ भन्दा दुईमत नरहला । यहाँ विशेष गरेर नेपालको अर्थतन्त्रमा विप्रेषणको भूमिकाका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

दैनिक औषतमा दुई हजारका दरले वैदेशिक रोजगारीमा गएका करीब पन्ध्र लाख नेपाली नागरिकले उक्त देशको रोजगारीबाट प्राप्त आम्दानीलाई बैक तथा वित्तीय संस्थामार्फत नेपालमा पठाएको रकमलाई विप्रेषण वा रेमिटान्स भनिन्छ । सरकारबाट श्रम स्वीकृत भएका करीब ११० देशमा रोजगारीका लागि पुगेका नेपालीले रोजगारीबाट प्राप्त आम्दानीलाई नेपालमा पठाईरहेका छन् भने यहि कारण नेपाल विश्वमा रेमिटान्स भित्र्याउने तेस्रो देशको रुपमा रहेको तथ्याङ्क भेटिन्छ । औषतमा वार्षिक एक व्यक्तिले छ पटकसम्म आफ्नो आम्दानी घरपरिवारमा पठाउने गरेको र यो वार्षिक औषतमा ५ लाख ३२ हजार सम्म हुने गरेको पाइन्छ । नेपालको कुल ग्राहस्थ उत्पादन ( GDP) मा यसको योगदान २५ प्रतिशत रहेको छ । वर्तमान अवस्थामा नेपालको वैदेशिक मुद्रा प्राप्त गर्ने महत्वपूर्ण स्रोत पनि यो नै रहेको देखिन्छ । सन् १९८० को दशक पछि आर्थिक उदारिकरण, खुला अर्थतन्त्र र विश्वव्यापीकरणको परिणाम स्वरुप नेपालबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ती बढ्दै गएको देखिन्छ भने विप्रेषण आप्रवाह दर पनि बढ्दै गएको देखिन्छ । हाल नेपालको अर्थतन्त्रमा विप्रेषणको निर्भरता पनि अत्याधिक बढ्दै गई रहेको देखिन्छ ।

*सरकारबाट श्रम स्वीकृत भएका करीब ११० देशमा रोजगारीका लागि पुगेका नेपालीले रोजगारीबाट प्राप्त आम्दानीलाई नेपालमा पठाईरहेका छन् भने यहि कारण नेपाल विश्वमा रेमिटान्स भिर्याउने तेस्रो देशको रुपमा रहेको तथ्याङ्क भेटिन्छ । औषतमा वार्षिक एक व्यक्तिले छ पटकसम्म आफ्नो आम्दानी घरपरिवारमा पठाउने गरेको र यो वार्षिक औषतमा ५ लाख ३२ हजार सम्म हुने गरेको पाइन्छ । नेपालको कुल ग्राहस्थ उत्पादन (GDP) मा यसको योगदान २५ प्रतिशत रहेको छ । वर्तमान अवस्थामा नेपालको वैदेशिक मुद्रा प्राप्त गर्ने महत्वपूर्ण स्रोत पनि यो नै रहेको देखिन्छ । सन् १९८० को दशक पछि आर्थिक उदारिकरण, खुला अर्थतन्त्र र विश्वव्यापीकरणको परिणाम स्वरुप नेपालबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ती बढ्दै गएको देखिन्छ भने विप्रेषण आप्रवाह दर पनि बढ्दै गएको देखिन्छ ।*

वर्तमान परिस्थितिको विश्लेषण गर्दा भन्न सकिन्छ सरकारहरुलाई रेमिटान्स मन पर्ने तर त्यहि रेमिटान्स पठाउनेहरु मन नपर्ने, सुखमा त कुरै छोडौ विदेशमा लास पर्दा, वर्षौ अलपत्र पर्दा अभिभावक विहिन अवस्थामा रहनुपर्ने अवस्था रहिरहेको देखिन्छ । गणतन्त्रसम्म आईपुग्दा पनि राज्य वा सरकारको प्रवृतिमा परिवर्तन नआउँदा यसमा सुधार तथा आशाको संकेत पनि कतै देखिदैन् । रेमिटान्समात्रै हैन रेमिटान्स पठाउनेहरुका लागि पनि अनुकुलको ऐन नियम बनाउनेतर्फ राज्यको ध्यान जानु पर्ने देखिन्छ ।

**नेपालको अर्थतन्त्र र विप्रेषण :**
आम्दानी भन्दा सार्वजनिक खर्च बढ्दै जानु, निर्यात भन्दा आयात व्यापार बढ्दै जानु । विप्रेषणकै आधारमा कुनै पनि देशको अर्थतन्त्र सञ्चालनको सपना देखिरहनुलाई भने पक्कै राम्रो मान्न सकिदैन । अर्थतन्त्रमा यसको अधिक निर्भरता दिर्घकालका लागि समस्या सिर्जना गर्ने देखिन्छ । यसको विकल्पमा औद्योगिकरण, लगानी मैत्री बातावरण, प्राकृतिक स्रोत र साधनको परिचालन तथा अधिक खर्च कटौती गरी वैदेशिक आयात व्यापार दरमा कमि गरी निर्यात व्यापार बढाई अन्तर्राष्ट्रिय व्यापार अनुकुल अवस्थामा ल्याउनुपर्ने देखिन्छ । विश्वमा वैदेशिक व्यापारबाट प्राप्त आम्दानीलाई भरपर्दो मान्ने भएकाले यसतर्फ नेतृत्व तथा योजना विद्हरुले समेत ध्यान दिनु जरुरी देखिन्छ । रेमिटान्सको भरपर्दो विकल्पको विकास गर्नु आजको आवश्यकता रहेको देखिन्छ । यसका लागि निम्न उपाय अपनाउन सकिन्छ ।

- अन्तर्राष्ट्रिय व्यापारलाई प्राथमिकतामा राख्नुपर्ने
- प्राकृतिक स्रोत साधनको परिचालन गर्नु पर्ने
- लगानीमैत्री वातावरण र अनुकुल ऐन नियम बनाउनु पर्ने
- कृषिजन्य आयातमा प्रतिस्थापन गर्नु पर्ने
- विलाशीताको वस्तुको आयातमा कमी ल्याउनु पर्ने
- औद्योगिकरण र रोजगारी सिर्जनामा ध्यान दिनु पर्ने

**विप्रेषणको महत्व :**
नेपाल जस्तो वैदेशिक व्यापार तथा औद्योगिकरणको अवस्था दयानिय रहेको देशको अर्थतन्त्रलाई गतिशिल बनाउनका लागि विप्रेषण बरदान सावित भएको देखिन्छ । यहाँ केहि महत्वपूर्ण पक्षलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

- विदेशी मुद्रा प्राप्तिको प्रमुख स्रोत
- विदेशी प्रविधि भित्र्याउनको लागि सहयोग
- आर्थिक वृद्धि र समृद्धिका लागि योगदान
- बढ्दो बेरोजगारी दरलाई न्यून गर्न सहयोग
- अधिकाश घरपरिवारको आम्दानीको स्रोत
- वित्तीय क्षेत्र विकासको प्रमुख स्रोत
- गरिबी निवारणमा सहयोग
- प्रतिव्यक्ति आय वृद्धिमा सहयोग
- जनताको जीवनस्तर र दैनिकी सुधारमा सहयोग
- घर जग्गा कारोवारमा सहयोग
- भुक्तानी सन्तुलनमा सहयोग
- लगानी तथा औद्योगिकरणमा सहयोग

**विप्रेषणलाई कसरी व्यवस्थित गर्ने त ?**
यसैका आधारमा राज्यले अर्थतन्त्रलाई संकट हुनबाट बचाएको देखिन्छ । यसैका आधारमा विकास खर्चका योजनाहरु निर्माण गरेको देखिन्छ तर विप्रेषणको उत्पादनमुलक क्षेत्रमा प्रयोग सम्वन्धमा सरकारहरु बेखवर जस्तै देखिने गर्दछन् । यसका लागि निम्न उपाय अवलम्वन गर्न सकिन्छ ।

- विप्रेषण प्रयोगको अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना बनाउने
- रेमिटान्स पठाउने प्रक्रिया सरल बनाउने
- विप्रेषण पठाउने लागत शुन्य बनाउने
- बैकिङ प्रणालीको माध्यम अनिवार्य गर्ने
- विप्रेषणको दरका आधारमा राज्यबाट विभिन्न सुविधा प्रदान गर्ने
- विप्रेषणको केहि रकम अनिवार्य शेयरमा लगानी गर्ने नीति बनाउने
- विप्रेषणको उपभोग क्षेत्रमा गरिएको खर्चमा कमि ल्याई बचत र लगानीका लागि अभिप्रेरित गर्ने
- वैदेशिक रोजगारमा गएका व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा अनिवार्य आवद्ध गराउने
- हुण्डी र गैर कानुनी माध्मबाट विप्रेषण पठाउने प्रवृत्तिलाई निरुत्साहित गर्दै लैजाने
- वैदेशिक रोजगारमा गएका व्यक्तिको जीउ धनको सुरक्षाको ग्यारेन्टि गरिनु पर्ने
- कोरिया र जापानमा जस्तै व्यवस्थित रुपले वैदेशिक रोजगारमा जाने नीति बनाउने
- श्रम सम्झौता भएका देशहरुमा राजदुतावास खोल्ने र तिनीहरुलाई सक्रिय बनाउने
- वैदेशिक रोजगारमा गएका व्यक्तिका लागि उत्पदान, पेन्सन तथा बीमाको व्यवस्था गर्ने
- वैदेशिक रोजगारमा काम र तलबको सुनिश्चिता गर्ने

**निष्कर्ष :**
विभिन्न देशहरुबाट प्राप्त गरेको विप्रेपणलाई सार्वजनिक खर्च व्यवस्थापन र वैदेशिक व्यापारमा मात्रै नलगाएर उत्पादन र पूँजीगत खर्चमा लगाउनु पर्ने देखिन्छ । यसको सहि सदुपयोगका लागि आवश्यक नीति तथा योजना नै बनाउनेतर्फ नेतृत्वको ध्यान जाओस् । वैदेशिक रोजगारमा जाने व्यक्ति तथा तीनका आश्रीत परिवारको भविष्य सुनिश्चित होस् । रेमिटान्सको माया गर्ने तर त्यहि रेमिटान्स पठाउने प्रति कति ध्यान नदिने प्रवृत्तिको अन्त्य होस् । राज्यले आम्दानीका वैकल्पिक स्रोतको खोजि गरोस् । देश भित्रनै रोजगारिका अवसरहरु र प्रसस्त आसाका किरणहरु छाउन । नेतृत्वमा देश र जनताप्रति जिम्मेवार बन्ने सोचको विकास होस् ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम्पत्य जीवन सुखमय हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **तुला** : नयाँ कार्यको योजना बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **वृष** : महत्वपूर्ण अवसर गुम्न सक्नेछ । परिवारमा झमेला आउन सक्छ । | **वृश्चिक** : श्रमको उचित मुल्याङ्न हुनेछ। दिनको उत्तरार्ध सुखद् रहने देखिन्छ । |
| **मिथुन** : आफन्त संग भेटघाट हुनेछ । नयाँ वस्त्र एवं अलंकार प्राप्ति हुनेछ । | **धनु** : वैदेशिक कार्य अघि बढ्नेछ । व्यवसायमा छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : कीर्तिमानी काम गर्ने समय छ प्रेमसम्बन्धका लागिपनि श्रेष्ठ समय छ । | **मकर** : शरीरमा समस्या आउला । राजनैतिक कार्यमा बाधा आउनेछ । |
| **सिंह** : बौद्धिक काममा सफलता मिल्नेछ। दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । | **कुम्भ** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । कान्ति र शान्ति छाउला । |
| **कन्या** : नयाँ कमको थालनी हुनेछ । धार्मिक र सेवा भाव बढ्ने योगछ । | **मीन** : शैक्षिक क्षेत्रमा प्रगति नै होला । बोलीको प्रभाव पनि बढ्नेछ । |



# गुणस्तरीय शिक्षामा सामुदायिक विद्यालयको फड्को

बझाङको थलारास्थित कालिका आधारभूत विद्यालय बिस्खेतका शिक्षक गगनबहादुर शाहीलाई विद्यालय आफ्नै घरजस्तै लाग्छ । छ घण्टामात्रै विद्यालय समय भए पनि उनको दैनिकी विद्यालय तथा विद्यार्थीसँगै बित्ने गर्छ । खुला तथा सफा ठाउँ, मन मिल्ने सहकर्मी तथा विद्यार्थी अधिकांश समय विद्यालयमै हुने भएकाले शाहीलाई विद्यालयबाट बाहिर जान खासै मन हुँदैन । एक दशकअघि र अहिले विद्यार्थीलाई पढाउँदा आफैँलाई फरक महशुस भइरहेको शिक्षक शाही बताउँछन् । "विद्यालयमा त पहिले पनि पढाइन्थ्यो । तर पहिलेको भन्दा केही वर्षयता निकै फेरिएको छ", शाहीले भने, "उहिले कतिबेला विद्यालय समय सकिएलाजस्तो लाग्थ्यो । आजभोलि विद्यालय समय चाँडै बित्न थाल्योजस्तो लाग्छ ।"





उनका अनुसार विद्यालयमा आजभोलि सबै जना घरपरिवारका सदस्यजस्तै लाग्ने गर्छन् । "विद्यार्थी तथा शिक्षक परिवारका सदस्यजस्तै लाग्छन् । पहिले पढाउँदा निकै टाउको दुख्थ्यो । विद्यार्थीलाई बुझाउनै सकिँदैनथ्यो । आजभोलि शैक्षिक सामग्री, बसाइ व्यवस्थापन, शिक्षक-विद्यार्थीबीचको घनिष्टताले सिकाउन निकै सहज भएको छ", उनले भने । अहिले विद्यालयमा शाहीको सालिनतालाई सबैले सम्मान गर्छन् । उनी पनि आफ्नो सिकाइ तथा व्यवहार परिवर्तन गरेको जश सिकाइ परियोजनालाई दिन्छन् । उनी भन्छन्, "विद्यार्थीप्रतिको मेरो व्यवहार परिवर्तन हुनुको जस सिकाइ परियोजनालाई दिन्छु । पहिले बालबालिका र मेरो दूरी निकै टाढा हुन्थ्यो । अहिले पारिवारिक सदस्यको जस्तै छ ।" परियोजनाले विभिन्न तालिम नदिएको भए यो परिवर्तन आउन नसक्ने उनले बताए । "मलाई ज्ञान, सीप सबै थियो । तर प्रयोग गर्न नजानेको रहेछु, अहिले परियोजना देउताजस्तै खडा भएर आयो ।" शाहीको जस्तै अनुभव भगवती आधारभूत विद्यालयका शिक्षक जन्मदेव ओझाको छ । ओझा पनि विद्यालयको समयभन्दा बढी शिक्षक विद्यार्थीसँगै दिन बिताउँछन् । जिल्लामा शिक्षकका लागि क्षमता विकास तालिम लिएपछि आफूलाई अध्यापन गराउन सहज भएको उनले बताए । तालिममा कक्षाकोठा व्यवस्थापन र सामग्री निर्माण तथा व्यवस्थापन गर्दा शिक्षक-विद्यार्थीबीचको सम्बन्ध सौहार्दपूर्ण हुने उनले बताए । "शिक्षकले यता भने विद्यार्थी उता जान्थे", उनले भने, "विद्यार्थीले नपढेमा, शिक्षकले भनेको अटेर गरेमा डण्डा चलाउनुपर्थ्यो । आजभोलि पठनपाठन सहजताका लागि पर्याप्त शैक्षिक सामग्री कक्षाकोठामै छन् । ती सामग्री हेरेर पढाउँदा विद्यार्थीले पनि बुझ्छन् । हामीलाई पनि पढाउन सजिलो हुन्छ ।" केही वर्षयता भने विद्यालयमा विद्यार्थीमाथि दमन पूर्णरूपमा बन्द गरेको उनले बताए । "गर्न चाहेमा विद्यालयलाई घरजस्तै बनाउन सकिँदोरहेछ", उनले बताए । थलारा गाउँपालिकाका दुई विद्यालयमात्रै नभई पालिकाका सबै विद्यालयको मुहार फेरिएको छ । प्रविधिमैत्री, उपकरणमैत्री, आधुनिक सिकाइमैत्री वातावरणमा बालबालिका रमाएर पढ्न थालेका छन् । विद्यालय परिवर्तनको श्रेय सिकाइ परियोजनालाई जान्छ । युएमएनको सहयोग तथा प्रगतिशील युवा समाजको आयोजनामा सञ्चालित सिकाइ परियोजना लागू भइसकेपछि थलारा गाउँपालिकाका सामुदायिक विद्यालय रूपान्तरण भएको थलारा गाउँपालिकाका उपाध्यक्ष रामबहादुर खातीले बताए । ***-रासस***

# प्राज्ञिक विद्यार्थी परिषद्ले शैक्षिक अभियान चलाउने

प्राज्ञिक विद्यार्थी परिषद् नेपालले नेपालको समग्र शिक्षा क्षेत्र सुधारका शैक्षिक अभियान थालेको छ । माघ महिनाभर सञ्चालन गर्ने शैक्षिक अभियानका कार्यक्रमहरूको घोषणा गरेको छ । त्रिभुवन विश्वविद्यालय उपकुलपति कार्यालय अगाडि पत्रकार सम्मेलन गर्दै देशको समग्र शिक्षा क्षेत्र सुधारका लागि राष्ट्रव्यापी शैक्षिक अभियानका कार्यक्रमहरू घोषणा गरेको हो । विद्यार्थी परिषद्का राष्ट्रिय महासचिव विष्णुप्रसाद पंगेनीले देशको शैक्षिक अवस्था खस्कँदै गइरहेकोले परिषद्ले प्रवेश परीक्षा, परिणाम, पात्रो र पाठ्यक्रम सुधार गर्नुपर्ने आवश्यकता भएकोले राष्ट्रव्यापी शैक्षिक अभियान सञ्चालन गर्न लागिएको बताए ।

विश्वविद्यालयहरूको उपकुलपति, रेक्टर, रजिस्ट्रार दलीय भागबन्डाबाट नियुक्ति हुने परिपाटीको अन्त्य गर्नुपर्ने, नैतिक शिक्षा लागू गर्नुपर्ने, ट्रान्स्कृप्ट लिने व्यवस्था अनिवार्य रूपमा अनलाइनबाट गरिनुपर्ने, नेपाली भाषामा पनि प्रश्न पत्र तयार गर्नुपर्ने, कक्षा १२ सम्म संविधानमा निर्दिष्ट गरिएको निःशुल्क शिक्षालाई छिटो भन्दा छिटो लागू गर्नुपर्ने जस्ता मागहरू राख्दै शैक्षिक अभियान थालिएको महासचिव पंगेनीले बताए । परिषद्का केन्द्रीय विश्वविद्यालय प्रमुख छितराज न्यौपानेले विश्वविद्यालयका पदाधिकारीहरूले दलको झोला बोक्ने अनि शिक्षा क्षेत्र बिग्रियो भनेर चर्चा गर्न नैतिकताले नदिने बताए । अभियान अन्तर्गत विभिन्न निकायसमक्ष बृहत् भेटघाट तथा अन्तर्क्रिया गर्ने, देशका प्रमुख क्याम्पसमा विचार गोष्ठी तथा अन्तरक्रिया सञ्चालन गर्ने, अभियानको क्रममा देशका प्रमुख स्थानमा शिक्षाका महत्त्वपूर्ण मुद्दालाई लिएर दबाब ज्याली गर्ने प्राज्ञिक व्यक्तिहरूबाट सुझाव संकलन गर्ने, मागपत्र प्रस्तुत गर्ने, देशका सबै जिल्लामार्फत सम्बन्धित निकायलाई ज्ञापनपत्र प्रस्तुत गर्ने, देशभरबाट आएका सुझाव तथा विषयलाई समावेश गरेर काठमाडौँमा विशेष अन्तर्क्रिया गर्ने लगायतका कार्यक्रम रहेका छन् । ती सुझावहरू विश्वविद्यालय, शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग आदि निकायमा सुधारका लागि सुझाव पेस गर्ने, त्यसबाट पनि मागहरू सुनुवाइ नभए विद्यार्थी दबाब आन्दोलन गर्ने, धर्ना, अनसन गर्ने जस्ता कार्यक्रमहरू गरिने परिषद्ले जनाएको छ ।

परिषद्ले निम्न मागहरू राख्दै शैक्षिक अभियानको कार्यक्रमहरू घोषण गरेको हो:

१) शिक्षामा वैदेशिक लगानीको अन्त्य गर्दै कुल बजेटको २० प्रतिशत बजेट विनियोजन तथा लगानी सुनिश्चित गरियोस् ।

२) संविधानले निर्दिष्ट गरेको माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरियोस् ।

३) विश्वविद्यालयमा प्राध्यापक नियुक्तिका लागि अनिवार्य रूपमा योग्यता परीक्षा उत्तीर्ण गर्नुपर्ने नीतिलाई यथाशीघ्र कार्यान्वयन गरियोस् ।

४) नेपालमा अनुमतिविना र नियम विपरीत चलिरहेका विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन तथा खारेजी प्रक्रियालाई तुरुन्त अगाडि बढाइयोस् ।

५) हरेक विश्वविद्यालयको एकीकृत शैक्षिक पात्रो निर्माण गर्दै विद्यालय र विश्वविद्यालयको पात्रोमा एकरूपता कायम गरियोस् । शैक्षिक पात्रोमा अतिरिक्त क्रियाकलाप अनिवार्य रूपमा समावेश गरियोस् ।

६) विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्था खारेज गर्दै प्राज्ञिकता तथा बौद्धिकताका आधारमा कुलपति नियुक्त गर्ने नीति निर्माण गरी कार्यान्वयन गरियोस् ।

७) विश्वविद्यालयका पदाधिकारी एवम् कर्मचारीसँगै शिक्षा क्षेत्रको सबै स्तरमा हुने नियुक्तिमा दलीय राजनीतिको प्रभाव, हस्तक्षेप र भागबन्डाको अन्त्य गर्दै दक्ष, क्षमतावान् व्यक्तिलाई स्वच्छ प्रतिस्पर्धामार्फत नियुक्ति गर्ने पद्धतिको विकास गरियोस् ।

८) विद्यार्थी भर्नादर, उत्तीर्ण र सिकाइको विश्लेषण गर्दै वर्तमान समयको हाम्रो पाठ्यक्रम, मूल्याङ्कन पद्धति र शिक्षण विधिलाई परिमार्जन गरियोस् ।

९) मौलिक कुराको सिकाइमा विशेष जोड दिँदै मातृभाषा वा नेपाली भाषामा माटो सुहाउँदो पाठ्यपुस्तक निर्माण गरी पठनपाठन गराउने र सबै स्तरका परीक्षामा प्रश्न पत्र नेपाली भाषामा पनि सोध्ने पद्धतिको विकास यथाशीघ्र गरियोस् ।

१०) सबै तहका पाठ्यक्रममा नेपाली भाषा, संस्कृति, भूगोल, इतिहास, जीवनपद्धति, मानवीय मूल्य, महापुरुषको जीवनी र नागरिक शिक्षा, अर्थतन्त्रका आधार कृषि, पर्यटन जस्ता विषयहरू अनिवार्य समावेश गरियोस् ।

११) राज्यले विद्यालयलाई दिने दरबन्दी तथा स्रोतको विभाजन भूगोल, विद्यार्थी संख्या र परिस्थितिका आधारमा सुनिश्चित गर्दै संख्या कम हुँदै गएका विद्यालय समायोजनको प्रक्रिया यथाशीघ्र अगाडि बढाइयोस् ।

१२) शिक्षक सेवा आयोग, शिक्षकको दरबन्दी, नियुक्ति, सरुवा-बढुवा प्रक्रियालाई राजनीतिक प्रभावबाट मुक्त गर्दै शिक्षकको सेवा सुविधामा वृद्धि गरियोस् ।

१३) माध्यमिक तहदेखि नै सिक्दै कमाउँदै कार्यक्रमलाई अनिवार्य गर्दै त्यसको कार्यान्वयन यथाशीघ्र होस् ।

१४) शिक्षा क्षेत्रबाट उत्पादित जनशक्तिले राष्ट्रियताको भावना बोक्दै अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास गराउन सकोस् जसका लागि देशको समग्र विषयको जानकारी विद्यार्थी वर्गलाई गराउनका लागि सोही अनुसारका पाठ्यक्रम तयार गरियोस् ।

१५) विश्वजगत्मा संस्कृतप्रति बढिरहेको आकर्षण र प्रविधि अनुकूल बन्दै गइरहेको संस्कृतको महत्वलाई विशेष प्राथमिकतामा राख्दै प्रविधि र संस्कृतको संयोजन गर्दै पाठ्यक्रम निर्माण गरी अध्यापनको वातावरण निर्माण गरोस् ।

***-रातोपाटी डटकम***

# कमाउन होइन, पढ्न पठाउनुस् क्यानडा

**प्रा.डा. तुलसी धरेल**

***विश्व बैंकको तथ्यांक अनुसार क्युबा, फिलिपिन्स, चीन, भारत लगायत देशहरुले ठूलो संख्यामा आफ्ना शिक्षित नागरिकहरुबाट अत्यधिक रेमिट्यान्स भिर्याएको यथार्थबाट नेपाल सरकारले पनि सिक्नुपर्ने हो । विश्व बजारमा के-कस्तो जनशक्तिको माग छ, त्यही अनुसार जनशक्ति उत्पादन गर्नु र वैदेशिक अध्ययनमा जानेलाई पनि सोही अनुसार अध्ययन गर्न उत्प्रेरित गर्ने गरी नीति तथा कार्यक्रम बनाउन सरकार चुक्नुहुँदैन । क्यानडामा क्रमशः भारत, नाइजेरिया, ब्राजिल, चीन, फिलिपिन्स, भियतनाम, कोलम्बिया लगायत देशबाट अध्ययनका लागि विद्यार्थी आउँछन् । नेपालबाट यहाँ आउने विद्यार्थीको संख्या पनि गत वर्षदेखि बढिरहेको छ ।***

अध्ययनपछि रोजगारीको सुनिश्चितता नहुनु र विदेशिंदा भविष्य उज्ज्वल हुन्छ भन्ने विश्वास बलियो हुनुले नेपालबाट विद्यार्थीको वैदेशिक अध्ययनमा ओइरो नै लागेको देखिन्छ । यसका राम्रा-नराम्रा दुवै पक्ष होलान् । अरब र मलेसियाको गर्मीमा जोखिमपूर्ण काम गर्नुभन्दा संसारका विकसित देशमा अध्ययन गरेर दक्ष जनशक्ति बनेर राम्रो कमाउनु कसरी नराम्रो हुनसक्छ ? तर यसलाई व्यवस्थित गर्ने सरकारसँग दीर्घकालीन नीति छ कि छैन ? विश्व बैंकको तथ्यांक अनुसार क्युबा, फिलिपिन्स, चीन, भारत लगायत देशहरुले ठूलो संख्यामा आफ्ना शिक्षित नागरिकहरुबाट अत्यधिक रेमिट्यान्स भित्र्याएको यथार्थबाट नेपाल सरकारले पनि सिक्नुपर्ने हो । विश्व बजारमा के-कस्तो जनशक्तिको माग छ, त्यही अनुसार जनशक्ति उत्पादन गर्नु र वैदेशिक अध्ययनमा जानेलाई पनि सोही अनुसार अध्ययन गर्न उत्प्रेरित गर्ने गरी नीति तथा कार्यक्रम बनाउन सरकार चुक्नुहुँदैन ।

क्यानडामा क्रमशः भारत, नाइजेरिया, ब्राजिल, चीन, फिलिपिन्स, भियतनाम, कोलम्बिया लगायत देशबाट अध्ययनका लागि विद्यार्थी आउँछन् । नेपालबाट यहाँ आउने विद्यार्थीको संख्या पनि गत वर्षदेखि बढिरहेको छ । अन्टारियो प्रान्तमा २४ सरकारी कलेज र २२ विश्वविद्यालय छन्, यीमध्ये ६ कलेज र ५ विश्वविद्यालय टोरन्टो नजिक सञ्चालनमा छन् । त्यस्तै, टोरन्टो बाहिर निजी संस्थालाई 'पब्लिक-प्राइभेट पार्टनरसिप' को अवधारणा अनुरूप कलेजको शाखा सञ्चालन गर्न दिने सरकारी नीति छ । यसको केही रणनीतिक कारण छन् । टोरन्टो ठूलो शहर हो । टोरन्टो बाहिरका साना शहरहरूमा विद्यार्थीलाई रोजगारीमा अलि कठिनाइ हुनसक्छ । त्यसैले सरकारले नै विद्यार्थीलाई आकर्षित गर्न र क्याम्पसको आर्थिक अवस्था उकास्न निजी संस्थालाई ठेक्का सम्झौतामा टोरन्टो क्षेत्रमा कलेज सञ्चालन गर्न दिएको हो । अधिकांश मानिस टोरन्टो जस्तो ठूलो शहरमा केन्द्रित हुन चाहन्छन् । विद्यार्थीको चाप बढी हुँदा तत्काल सबै विद्यार्थीलाई रोजगारी उपलब्ध हुन सक्दैन । मैले अध्यापन गर्ने क्याम्पसमा मात्रै ६०-७० हजार विद्यार्थी छन् ।

**पहिला पढ्न दिनुस्, विस्तारै कमाउँछन्**

नेपालबाट अभिभावकले आफ्ना सन्तानलाई पढ्न भन्दा कमाउन विदेश पठाउने अभ्यास बढ्यो । परिवारले विदेश पठाउनासाथ कमाउन थालोस् भन्ने चाहना राखेर पठाउँदा समस्या बढिरहेको हो । आफ्नो अवस्था अनुसार अभिभावकले सन्तानलाई वैदेशिक शिक्षा दिन चाहनु अस्वाभाविक होइन । २०-२२ वर्षका विद्यार्थीले नेपालमा पढिरहँदा काम गरेका हुँदैनन् । उनीहरू जब विदेश आउँछन्, एकसाथ खान, बस्न, ट्युसन फी र कलेज फी एकसाथ जुटाउनुपर्ने हुन्छ । पढाइ पनि नेपालमा जस्तो होइन, यहाँ क्याम्पसले असाइन्मेन्टहरू प्रशस्तै दिन्छन् । हरेक हप्ता कलेजले गर्ने असाइन्मेन्टहरू सकेर काम गर्दै खर्चको जोहो गर्नुपर्ने अवस्थाले विद्यार्थी अत्यधिक दबाबमा पर्छन् । यसमाथि पनि नेपालबाट खर्च र सेलफोन/ल्यापटप लगायतका सामग्री पठाइदिए हुन्थ्यो भन्ने आशा व्यक्त गर्न थालिहाल्छन् । 'फलानाका छोरा-छोरीले यति कमाइसक्यो, हाम्राले के गरे ?' भन्ने प्रश्न गर्न थालिन्छ । धेरै विद्यार्थीले भन्छन्, घर-परिवारबाट सामना गर्नुपर्ने प्रश्न अनौठो हुन्छ । 'अवस्था कस्तो छ, पढाइ-बसाइ कस्तो छ होइन, काम पाइस्, कमाउन थालिस् ?' यसले विद्यार्थीमाथि चौतर्फी दबाब बढाउँछ । एउटा गाउँको मानिसले मिटरब्याजमा ऋण खोजेर बच्चालाई विदेश पठाउनु भनेको मुर्ख्याईं हो । जग्गा बेचेर, ठूलो परिमाणमा ऋण लिएर सन्तान विदेश पठाउँछन् ताकि छिट्टै कमाउन थालोस् भनेर । जबकि विद्यार्थी यहाँ आउने पढ्न हो । तत्काल कमाउन सम्भावना हुँदैन । भए पनि जेनतेन आफ्नै खर्च जोहो गर्न सक्लान् । उहाहरणको लागि, एक हजार डलरले यहाँ खान बस्न ठिक्क पुग्छ । यो रकम भनेको नेपालमा लगभग एक लाख रूपैयाँ हो । गाडी भाडा ४० हजार आसपास हुन्छ भने कम्तीमा ५० हजार घरभाडा तिर्नुपर्छ । २०-३० हजार अड्कली अड्कली खाँदा पनि खानपानमा खर्च हुन्छ । यसमाथि यहाँको सरकारी नियम अनुसार विद्यार्थीले पूर्णरूपमा काम गर्न पाउँदैनन् । पार्टटाइम रूपमा काम गर्नुपर्छ । यो कुरा अभिभावक र विद्यार्थी दुवैलाई प्रष्ट रूपमा थाहा हुनुपर्छ ।

क्यानडा नआउने भनेको होइन, आउनुपर्छ । तर यसका लागि अभिभावक संयमित हुनुपर्छ । सन्तानलाई दबाब दिनुहुँदैन । उनीहरू पढुन्जेल केही समयलाई पुग्ने खर्च घरबाटै पठाउनुपर्छ । 'तिमी नआत्तिऊ, यो पढाइमा ध्यान दिने बेला हो, लागेको पैसा हामी पठाउँछौं' भन्न सक्ने र आवश्यक परे पठाउन पनि सक्ने अवस्थामा मात्र सन्तानलाई पढ्न विदेश पठाउने हो । आफ्नो आर्थिक अवस्थालाई नजरअन्दाज गरेर बच्चालाई अध्ययनका लागि विदेश पठाउने काम गलत सावित हुनसक्छ । पोखराबाट काठमाडौं आउनुपर्दा प्लेन, बस, कार, ट्रकमा सम्म यात्रा गर्ने यात्रु हुन्छन् । आफ्नो आर्थिक अवस्था र अनुकूलता अनुसार साधन तय गर्ने हो । विदेशमा पढ्न आउने विद्यार्थीले कम्तीमा केही महिना विना दबाब, तनाव नयाँ ठाउँ, परिस्थिति, वातावरण र संस्कृतिमा अनुकूलन हुने अवसर पाउनुपर्‍यो । उमेर र अनुभव दुवैका कारण यी काम चुनौतीपूर्ण हुन्छन् नै । यसमा थप आर्थिक अभाव थपिएपछि २०-२२ वर्षका युवामा कस्तो मनस्थिति सिर्जना होला ? हामी कल्पना गर्न सक्छौं । त्यसैले केही समय काम नपाए पनि खर्च धान्न सक्छु भन्ने अवस्थामा विद्यार्थीलाई अतिरिक्त तनाव हुँदैन । कतिपयले आर्थिक मन्दी र आप्रवासन नीतिसँग पनि जोडेर कुरा गर्छन् । तर क्यानडामा पढ्न आउने विद्यार्थीका लागि यसले धेरै प्रभाव पार्ने हो जस्तो लाग्दैन । किनभने उनीहरू त पढ्न आउने हुन् र निश्चित समय काम गर्न पाउँछन् । यहाँको आप्रवासन नीति अनुसार विदेशी विद्यार्थीले क्यानडामा दुई वर्षसम्म पढेर न्यूनतम उत्तीर्ण जीपीए स्कोर पुर्‍याउन सके उनीहरूले तीन वर्ष काम गर्न पाउँछन् । तीन वर्ष वैधानिक रूपमा काम गरेपछि यसक्रममा यहीं बस्न चाहे पर्मानेन्ट रेसिडेन्स अनुमति पाउने सम्भावना ८०-९० प्रतिशत हुन्छ । यसरी विद्यार्थी भिसामा पढ्न आएकाहरूले कम्तीमा ५ वर्ष त बस्न पाए । उनीहरूले चाहँदा यहींको स्थायी बासिन्दा हुन पाउँछ । त्यसैले आजको आजै पैसा पठाउनुपर्ने, कमाउनै पर्ने दबाबमा अभिभावकले आफ्ना सन्तानलाई राख्नुहुँदैन । त्यस्तो वातावरण सिर्जना गर्नुहुँदैन । दुई वर्ष आनन्दले पढ्न पाए भने बाँकी तीन वर्ष त उनीहरूले मज्जाले पैसा कमाउन सक्छन् । सुरुमा घण्टाको १५ डलर कमाउँछन् भने पढाइ सकेपछि प्रतिघण्टा ४०-५० डलर कमाउन थाल्छन् । विना मानसिक तनाव राम्ररी पढेर कमाउन सक्छन् । त्यतिबेलासम्म विद्यार्थीको हातमा विदेशको राम्रो युनिभर्सिटीको डिग्रीसँगै राम्रो कमाइ पनि हुन्छ । उनीहरू यहीं बस्न पनि सके, आफ्नो देश फर्कन पनि सके । सबै हिसाबले सुविधा सम्पन्न अवस्थामा उनीहरू हुन्छन् । त्यसैले अभिभावकलाई मेरो आग्रह छ- आफ्ना सन्तानलाई पढ्न दिनुहोस् । काम गर्न दबाब नदिनुहोस् । केही समयलाई पुग्ने पैसा सँगै पठाउनुहोस् । करिब ४-५ महिनालाई पुग्ने खर्च कलेजको शुल्क बाहेकको खर्च विद्यार्थीसँग हुनुपर्छ । यसक्रममा उनीहरूले साथीभाइ चिन्छन् । प्राध्यापकहरू चिन्छन् । एउटा सर्कल बन्छ । जागिर पाउन सजिलो हुन्छ । पढाइ सकिएपछि त काम जसरी पनि पाइहालिन्छ । धेरै महत्वाकांक्षा नपाल्नुहोस् । धैर्य गर्नुहोस् ।

मैले नचिनेका नेपालीको फोन आउँछ । 'लौ न सर मेरो बच्चाले जागिर पाएन' भन्नुहुन्छ । म सोध्छु, 'बच्चा क्यानडा आएको कति भयो ?' उहाँहरू भन्नुहुन्छ, 'सर दुई हप्ता भइसक्यो ।' यसरी दुई हप्तामै जागिर खोज्ने भनेको त पढ्न पठाएको होइन नि ! काम गर्न पठाएको जस्तो भयो नि ! निराश हुनु आवश्यक छैन, पढेपछि राम्रो जागिर पाइन्छ । कृपया धैर्य गरिदिनुहोस् । कन्सल्टेन्सीहरूलाई पनि मेरो आग्रह छ- विद्यार्थी र अभिभावकलाई यथार्थ बताइदिनुस् । सही सल्लाह दिनुहोस् । परामर्शदाताहरूको गलत सल्लाह सुझावले पनि विद्यार्थीले दुःख पाइरहेका छन् । उनीहरूले झुटा विवरण दिएर विद्यार्थीलाई पठाउनुहुँदैन । यसमा सरकारले पनि एक्सन लिनुपर्छ । जसरी पनि, जे भनेर पनि विद्यार्थीलाई विदेश पठाउने अवस्था रह्यो र गलत गर्नेलाई कारबाही गर्न सकिएन भने समस्या अहिलेभन्दा बढ्न सक्छ । विद्यार्थीको भविष्यमाथि खेलबाड गर्न पाइँदैन । केही घटनाबारे सामाजिक सञ्जालमा चर्चा भएका छन् । यी अपवादहरू हुन् । तनाव हुनसक्छ, दबाब हुनसक्छ तर दुई-चार जना मानिसमा देखिएको समस्यालाई सामान्यीकरण गर्नुहुँदैन ।

***-अनलाइन खबर डटकम***

# नौमती बाजा संरक्षणमा धुर्कोट गाउँपालिका



**गुल्मी,** माघ ७/गुल्मीको पहिचानका रुपमा रहेको नौमती बाजा पछिल्लो समय लोप हुँने अवस्थामा छ । नौमती बाजा लोप हुन थालेपछि यहाँको धुर्कोट गाउँपालिकाले भने नौमती बाजा संरक्षणमा चासो दोखाएको छ । पुस्ता हस्तान्तराण अभाव, नौमती बाजाप्रति युवाले चासो नदिँदा र युवा विदशे पलायन भएका कारण जिल्लामा नौमती बाजा लोप हुने खतरा बढेपछि पालिकाले वडा तहबाटै नौमती बाजा संरक्षणका लागि पहल थालेको हो ।

गाउँपालिकाले बाजा संरक्षण गर्न विद्यार्थी र महिलालाई प्रशिक्षण दिएको छ । नौमती बाजा नयाँ युवा पुस्तामा हस्तान्तरण गरी त्यसको सरंक्षण गर्ने उद्देश्यले पालिककाले वडा नं. १ र ३ मा प्रशिक्षण सञ्चालन गरेको छ । उसले वडा नं १ मा रहेको नयाँ गाउँ माध्यमिक विद्यालयको कक्षा ६ र ७ मा अध्ययरत विद्यार्थी र यहाँका जनजाति महिलालाई दश दिने प्रशिक्षण दिएको छ । त्यस्तै, वडा नं. ३, हाडहाडेका जनजाति महिलाहरुलाई पनि दश दिनसम्म नौमती बाजा बजाउने प्रशिक्षण प्रदान गरिएको पालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष भुपाल पोखरेलले मौलिक संस्कृति संरक्षण अन्तर्गत लोप हुन लागेको मौलिक नौमती बाजाको संरक्षणका लागि प्रशिक्षण प्रदान गरिएको बताए । उनले नौमती बाजालाई पुस्ता हस्तान्तरण र संरक्षण गर्नुका साथै व्यवसायिक बनाउने मुख्य उद्देश्य रहेको बताए । नौमती बाजाको समुदायमा माग रहेता पनि जनशक्तिको निकै अभाव भएका कारण संस्कृति संरक्षण लगायतका विभिन्न विषयलाई मध्यनजर गरेर हाललाई दुई वडाका सम्बन्धित नागरिकलाई प्रशिक्षण प्रदान गरिएको उनको भनाई छ । स्थानीयको माग अनुसार चार लाख बजेट विनियोज गरी प्रशिक्षण कार्यक्रमको तय गरिएको हो । स्थानीयलाई आत्मनिर्भरसँगै स्वरोजगार बनाउने तथा परम्परागत रूपमा रहेका लोकसंस्कृतिको जगेर्ना गर्ने समेत उद्देश्य रहेको अध्यक्ष पोखरेलले बताए । छुट्टाछुट्टै भएको सो प्रशिक्षणमा नयाँ गाउँ माध्यमिक विद्यालयका कक्षा ६ र ७ मा अध्ययनरत १५ जना विद्यार्थी, नयाँ गाउँ र हाडहाडेका ३० जना जनजाति महिलाको सहभागिता रहेको थियो । गाउँपालिकाबाट नौमती बाजा संरक्षणका लागि प्रशिक्षण पाएसँगै सहभागीहरु उत्साहित भएका छन् । पालिकाले उनीहरुलाई प्रशिक्षणसँगै नौमती बाजाको सेट समेत प्रदान गरेको छ । रामचन्द्र सेवा र कलाकार सुनिल थापाले सहभागीहरु बाजा प्रदान गरेका थिए ।

# पुस्तक तथा स्टेशनरी व्यवसायी पाल्पामा नयाँ नेतृत्व

## अध्यक्षमा पन्थी



**पाल्पा,** माघ ७/नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ पाल्पामा नयाँ नेतृत्व आएको छ । महासंघको १४ औं वार्षिक साधारण सभा तथा सातौं जिल्ला अधिवेशनले रामप्रसाद पन्थीको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो ।

समितिको उपाध्यक्षमा युवराज पन्त, सचिवमा विष्णुप्रसाद खनाल, सह-सचिवमा शिवप्रसाद पाण्डे र कोषाध्यक्षमा ज्योती कार्की रहेका छन् । त्यस्तै सदस्यहरुमा हरिबहादुर बाह्रघरे, सञ्जय घर्ती, लक्ष्मण भण्डारी, जमुना न्यौपाने, गोपीकृष्ण आचार्य र ज्ञानु पाण्डे रहेको नवर्निवाचित सचिव विष्णु अध्यक्षमा पन्थप्रसाद खनालले जानकारी दिए । सभाको लुम्बिनी प्रदेश सभा सदस्य खेमबहादुर सारुले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि सारुले संघीयता कार्यान्वयनमा आएपनि व्यवसायीमैत्री कानुन नआउँदा व्यवसायी सुरक्षामा चुनौती देखिएको बताए । उनले पुस्तक व्यवसायीहरु मात्रै नभई अन्य व्यवसायीहरु समेत समस्यामा परेको भन्दै तीनै तहका सरकारले व्यवसायीमैत्री कानुन निर्माण गर्न आवश्यक रहेको औंल्याए । महासंघका केन्द्रीय सदस्य गणपति पाण्डेले व्यवसायीको अधिकार सुनिश्चित गर्न महासंघ लागि परेको बताए । महासंघका अर्का केन्द्रीय सदस्य कमलराज तिमिल्सिनाले पुस्तकको सहज आपूर्तिको व्यवस्थाका लागि महासंघ प्रतिवद्ध भएर लागेको बताउँदै मर्यादित ढंगबाट व्यवसाय सञ्चालन गर्न सबै व्यवसायीहरुलाई आग्रह गरे । तानसेन नगरपालिका-६ का वडा अध्यक्ष सागरमान महर्जनले पुस्तक तथा स्टेशनरी व्यवसाय अन्य व्यवसायहरु भन्दा विशिष्ट व्यवसाय रहेको बताए । पुस्तक व्यवसायीले व्यवसाय मात्र नभई सेवा गरिरहेको पनि उनले उल्लेख गरे । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले सरकारको ठोस नीति नआउँदा व्यवसायीहरु कर तिरेर बस्न मात्र बाध्य भएको बताए । व्यवसायीहरुमा उत्साह गुमेको र विदेश पलायनको क्रम बढिरहेको भन्दै यततर्फ राज्यले सोच्नु आवश्यक रहेको धारणा व्यक्त गरे । पाल्पा व्यापार संघका अध्यक्ष बामदेव गौतमले व्यासाय धरासायी बन्दै गएपनि राज्यले ध्यान दिन नसकेको गुनासो गरे । कार्यक्रममा महासंघ लुम्बिनी प्रदेशका सचिव केशव श्रेष्ठ, रुपन्देहीका अध्यक्ष गोपाल बस्याल, महासंघ पाल्पाका संस्थापक अध्यक्ष केदारलाल श्रेष्ठ, प्याब्सन पाल्पाका अध्यक्ष महेशमान बज्राचार्य, महासंघ पाल्पाका सल्लाहाकार राजेन्द्र लिगल, महासंघका प्रेस सल्लाहाकार मुक्ति न्यौपाने लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा महासंघ पाल्पाका अध्यक्ष किशोर भट्टराईले महासंघले गरेका कार्य र प्राप्त उपलब्धिको बारेमा जानकारी गराएका थिए । सोही अवसरमा महासंघले महासंघका प्रेस सल्लाहकार मुक्ति न्यौपाने, पत्रकार इमानसिं रानासहित महासंघलाई सहयोग गर्ने विभिन्न व्यक्ति तथा संस्थाहरुलाई सम्मान समेत गरेको छ । महासंघका अध्यक्ष किशोर भट्टराईको अध्यक्षता, उपाध्यक्ष भेषराज पोखेलको स्वागत र सचिव तारा सुनारीको सन्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## गण्डकीको पहिलो जित



**काठमाडौं,** माघ ७/कप्तान विपिन खत्रीको घातक बलिङमा गण्डकी प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा कोशी प्रदेशलाई २५ रनमा अल आउट गर्दै पहिलो जित हात पारेको छ । गण्डकी १ सय ४२ रनले विजयी हुँदा कोशीको लगातार छैटौं हार हो । जितको लागि १६८ रनको विजयी लक्ष्य पछ्याएको कोशी १५.२ ओभरमा २५ रनमा अल आउट भयो । यो प्रधानमन्त्री कप इतिहासकै सबैभन्दा कम योगफल हो । यसअघि नेपाल एपीएफ क्लबले २०१९ को सेमिफाइनल खेलमा नेपाल पुलिस क्लबलाई ४१ रनमा अल आउट गरेको थियो । कोशीका कप्तान अंकित सुवेदीले ६ बलमा २ चौकासहित सर्वाधिक ८ रन बनाए । कोशीका चार खेलाडीले खाता नै खोल्न सकेनन् । गण्डकीका विपिन खत्रीले ७ ओभरमा ३ मेडनसहित ४ रन खर्चेर ६ विकेट लिए । सन्दीप पराजुलीले ३.२ ओभरमा १ मेडनसहित ८ रन खर्चेर ३ विकेट लिए । त्यसअघि माथिल्लो मुलपानी क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको गण्डकी ४८.२ ओभरमा १६७ रनमा अल आउट भएको थियो । गण्डकीका मुश्कान थापाले १ सय २२ बलमा ७ चौकासहित सर्वाधिक ६७ रनको महत्वपूर्ण अर्धशतकीय इनिङ खेले । ६ विकेट लिएका विपिन खत्रीले ७१ बलमा ५ चौका र १ छक्कासहित ४२ रन जोडेका थिए । एक समय ७३/६ को अवस्थामा पुगेको गण्डकीलाई सातौं विकेटका लागि विपिन र मुश्कानले ७६ रनको महत्वपूर्ण साझेदारी गरेका थिए ।

### अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** माघ ७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक २५ दशमलव ६३ अंकको गिरावट आइ एक दशमलव १८ प्रतिशतले घटेर दुई हजार एक सय ३० दशमलव १८ अंकको विन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको दुई करोड २८ लाख २० हजार दुई सय ७९ कित्ता शेयर एक लाख ६६ हजार नौ सय ८३ पटक खरिदबिक्री हुँदा रू सात अर्ब ६७ करोड ७७ लाख ४० हजार ५८ बराबरको कारोबार भएको छ । जलविद्युत समुह शून्य दशमलव २० र अन्य समूह एक दशमलव ३८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ६१ र वित्त समूह दुई दशमलव ५५ प्रतिशतले घटेको छ । आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिडिडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव २७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ५६ करोड ७९ लाख १० हजार दुई सय ४१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको १४ लाख ३६ हजार एक सय ५१ बराबरको कारोबार भएको छ ।


**चन्द्रकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शान्तिपुर, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०८)*

यस चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मीको मिति २०८०/०७/२४ गते प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु २०८०/०८/२६ गतेको दिन खोली सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६०, ६१ र ६२ बमोजिम मुल्याङ्कन हुँदा तपशिलमा उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावकारी भई आर्थिक प्रस्ताव खोल्नको लागि उपयुक्त देखिएकोले मिति २०८०/१०/१६ गते दिनको १:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Contract Name :** Construction of Dibrung Healthpost Building (CRM-GUL-NCB-W-06-080/081)

**तपशिल**

| | प्राविधिक पक्षको मूल्याङ्कन सारभूत रुपमा प्रभावकारी बोलपत्रदाताहरु |
|---|---|
| १ | ओसिन निर्माण सेवा, बुटवल-१३ |
| २ | लुम्बिनी-सहिद जे.भि., अर्घाखाँची |
| ३ | डोको कन्सलटेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि., दाङ्ग |
| ४ | रंजित रंजन कन्स्ट्रक्सन प्रा.लि., गुल्मी |

**प्रमुख प्रशासकीय अधिकृत**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई